# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५५८४५५९
०२५५८००४६

प.स. २०७६।०७७

च.न. १९८८

मिति २०७६।०९।०७

### इटहरी उपमहानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

### दोश्रो पटक प्रकाशित मिति : २०७६।०९।०८

इटहरी उपमहानगरपालिकाद्वारा आ.ब. २०७६।७७ का लागि आर्थिक ऐनको दफा ८ र दफा १० तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(ग) र दफा ५९ अनुसार आन्तरिक आय ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला कम्पनी वा फर्महरुले देहायका शर्त तथा बन्देजको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र तपशिल बमोजिमको मिति र समयभित्र खरिद गरी इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि www.itaharimun.gov.np मा हेर्न सकिने छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का को अवधि | न्यूनतम ठेक्का अंक (रु.) (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर (रु.) | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०३।२०७६।०७७ | ग्रिनवेल्ट विज्ञापन ठेक्का | ३ वर्ष | १३,३३,२०० (तेह्र लाख तेत्तिस हजार दुई सय मात्र ) | १००० | २०७६।०९।२२ गते ४:०० बजे सम्म | २०७६।०९।२३ गते दिनको १२:०० बजे सम्म | २०७६।०९।२३ गते दिनको २:०० बजे सम्म |
| २. | ०५।२०७६।०७७ | साप्ताहिक सोमबारे हाट पकली इटहरी - १७ | १ वर्ष | ३,०१,०००(तिन लाख एक हजार मात्र) | १००० | २०७६।०९।२२ गते ४:०० बजे सम्म | २०७६।०९।२३ गते दिनको १२:०० बजे सम्म | २०७६।०९।२३ गते दिनको २:०० बजे सम्म |

कृष्ण प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी ) कर शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नुपर्नेछ ।

२. शिलबन्दी बोलपत्र साथ जमानत बापत गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. गं-३०५९०३०००००००००३००००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समयभित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ ।

४. छुट्टाछुट्टै विषयको बोलपत्र फारम छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्ने छ ।

५. रितपूर्वक दाखिला भएको शिलबन्दी बोलपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

७. दरभाउपत्र खरिद गर्न र पेश गर्न प्यान/ मूल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्र, २०७४/०७५ को कर चुक्ताको प्रमाण पत्र, २०७६ असार मसान्त सम्म नविकरण भएको इंजाजत पत्र र स्थानीय तहमा २०७७ असार मसान्तसम्म नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने छ ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस उपमहानगरपालिकामा सुरक्षित रहने छ ।

९. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिनेछ ।

१०. यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

११. विस्तृत जानकारीको लागि www.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत